# श्री भुवनेश्वरी मन्दिरका बारेमा संक्षिप्त जानकारी
## (Brief Note on Bhuwaneshwory Temple)

ललितपुर जिल्ला, सैंबु गा.वि.स.-४, भैंसेपाटीमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको केन्द्रिय कार्यालय अवस्थित रहेको भूकम्प अध्ययन सामुदायिक केन्द्र परिसरमा “श्री भुवनेश्वरी मन्दिर” को स्थापना गरिएको छ । तन्त्रशास्त्रका दश महाविद्यामध्ये एक श्री भुवनेश्वरीको यस मन्दिरको आधार योजना (Base Plan) वर्गाकार (Square) रहेको छ भने गुम्बजदेखि माथि चाहिं आठपाटे रहको छ । यस मन्दिरको शैलीको बारेमा कुरा गर्दा यसको ढाँचा (Design) नेपालमा परम्परागत रुपमा प्रचलित तल्ले शैली (प्यागोडा), गुम्वज शैली र शिखर शैलीको सम्मिश्रण गरी तयार पारिएको छ । तल पेटीदेखि गुम्वजभन्दा माथिको भागले गुम्वज शैली र केही मात्रामा शिखर शैलीको पनि रुपलाई आत्मासात गरेको छ । चारपाटेबाट गुम्वजलाई आठपाटेमा लैजादाँ खालि हुन आएको चारकुनामा चारवटा ढलौटका सिंहको दुई खुट्टाले टेकेर उभिएको मूर्ति राखिएको छ । मन्दिरका अन्य भागहरु जस्तै द्वार, तोरण, टुँडाल, झल्लर, गजुर, घण्ट, द्वारपाल सबै परम्परागत रुपमा चलिआएका रुप र शैलीका छन् ।

मन्दिर निर्माण प्रविधि र सामग्रीहरु मध्ये यसको भित्री संरचना (Structure) मा आधुनिक प्रविधि र सामग्रीहरुको प्रयोग गरिएको छ भने बाहिरी सजावटहरुमा चाहिँ परम्परागत दचि अपा, टायल, धातु, र काठहरुको प्रयोग परम्परागत शैलीमा नै गरिएको छ ।

## श्री भुवनेश्वरीको मूर्ति
### (Sculpture of Goddess Bhuwaneshwory)

हिन्दु परम्परा अनुसार श्री भुवनेश्वरी लाई ओम शक्ति वा आदि शक्तिको रुपमा बुझ्ने गरिन्छ, जसले शिवलाई भौतिक ब्रह्माण्डको रचनामा सघाउ पुचाएको बिश्वास गरिन्छ । तसर्थ उनलाई सह-सृष्टिकर्ता पनि भनिन्छ । जगतमा हुने सम्पुर्ण सृष्टिकार्य एवं खराव तत्वहरुको विनायकार्यका लागी श्री भुवनेश्वरी सर्वोच्च महादेवी मानिन्छन । उनलाई काली, लक्ष्मी, सरस्वती र गायत्रीको आमाको रुपमा मानिन्छ र उनको स्वरुपलाई पार्वती मानिएको छ । श्री भूवनेश्वरी को मूर्ति शास्त्रमा उल्लेखित ध्यानमूर्ति-लक्षण-विधान (Iconography) अनुरुप कालो चुनढुंगा (Black Lime Stone) मा बनाइएको छ ।

“श्री भुवनेश्वरी” लाई भुवनसुन्दरी वा पूर्वाम्नायनायिकाका नामले पनि चिनिन्छ । शिवजीको ६ वटा मुखमध्ये पूर्वको मुखबाट निस्कने पूर्वाम्नायोकि भुवनेश्वरी (भुवनसुन्दरी) हुन् ।

वृहत्पुरश्चर्यार्णवः चतुर्थ खण्डमामा श्री भुवनेश्वरीका बारेमा यस्तो महिमा पाइन्छ :

धरित्रीसाधनम् (भुवनेश्वरी)<br>
फुल्लाम्मोरुह मध्यस्थां भिन्दीवरदल प्रभाम् ।<br>
पीतकोशेयवसनां नानालङ्कर भूषिताम् ॥<br>
नीलोत्पलद्वयं शालिमञ्जरीं चेक्षुकं करै ।<br>
बिभ्राणां सर्वलोकस्य धात्रीं वसुमतीं भजे ॥

भुवनेश्वरी-साराभुवनकी सुन्दरी, “भुवनसुन्दरी”: उदाउँदो सूर्यको जस्तो तेज भएकी, मुकुट लगाएकी तीनवटा शिर र छवटा हात भएकी, तीन आँखा भएकी, छवटा हातमा वरद्, अंकुश, पाश, अभय, त्रिशुल, डमरु भएकी नाना वस्त्रालंकार पहिरेकी हृष्टपुष्ट, तरुनी सुन्दरी, भुवनसुन्दरी, भुवनेश्वरी ।

उक्त मन्दिरको ढाँचा तयार पार्ने र मूर्ति निर्माण गर्ने कार्य ख्यातिप्राप्त मूर्तिकार पृथ्वीनारायण श्रेष्ठले गर्नुभएको हो ।



**Bhuwaneshwory Temple** has been built in the premises of Community Earthquake Learning Center (CELC), Sainbu-4, Bhainsepati location of Lalitpur district where National Society for Earthquake Technology – Nepal (NSET) headquarters reside. According to Hindu traditions, Bhuvaneshvari, who is known for her beauty, co-operates with Shiva in bringing forth from the formless primal light the elements of the physical cosmos, in giving shape to the inchoate; hence her epithet "Creator (or Co-creatrix) of the World". Also Bhuvaneswari is considered as the supreme goddesses who creates everything and destroys all the unnecessary evils of world. She is also considered as the Mother goddess of Kali, Lakshmi, Saraswati and also Gayatri. She is also known as Om Shakti or Adi Shakti i.e one of the earliest forms of shakti. She is capable of turning situations according to her wish.

### Key features of Temple

- Square shaped plan and octagonal domed shape on upper part,
- Combination of Pagoda, Dome and Shikhar styles of traditional Architecture,
- Internal structures with modern technology & materials while external decorations made with traditional elements

### Key features of Sculpture of Goddess Bhuwaneswory

- Carved on Black Limestone as per the Iconography

The design & fabricating sculpture of Goddess Bhuwaneshwory and designing & supervising construction of Bhuwaneshwory Temple was done by well-known Sculptor Mr. Prithvi Narayan Shrestha.